निकोसेराको सिंगो बस्ती नै विस्थापनको खतरामा

कृष्ण किसी
भक्तपुर, कात्तिक ३

भक्तपुरको मध्यपुर थिमि नगरपालिका निकोसेराको सिंगो बस्ती विस्थापनको खतरामा परेपछि स्थानीय आन्दोलित भएका छन्। मध्यपुर थिमि नगरपालिका-९ का स्थानीय पीडित भूमि अधिकार संरक्षण समिति गठन गरी आन्दोलनरत छन्।

निकोसेराको यो बस्ती मध्यपुर थिमि नगरपालिका वडा नं ९ मा पर्दछ। तथापि यो भक्तपुर नगरपालिका र सूर्यविनायक नगरपालिकाको सिमानासँग जोडिएको छ। यो बस्ती निकोसेरा सडक (सल्लाघारी दुवाकोट चोकदेखि मध्यपुर थिमि नगरपालिकाको पुरानो थिमि बाखा बजार पुग्ने सडक) मुख्य सडकको दक्षिणमा पर्दछ। यो बस्तीको उत्तरमा सडक र दक्षिणमा हनुमन्ते खोला पर्दछ।

हनुमन्ते खोला र सडकको बिचमा परेको यो बस्तीमा खोला र सडक दुवैको मापदण्डको हिसाब गर्दा ढलान गरेर बनाइएका झन्डै एक सय घरहरू नै भत्काएर विस्थापित हुने खतरामा परेको हो। यो बस्तीको मुख्य निकोसेरा सडक २० मिटरको छ। सडकको मापदण्ड साढे १२ मिटरको छ। अर्को साइटको खोला २० मिटर चौडाइको छ। खोलाको सेन्टरबाट २० मिटर मापदण्ड छोड्नुपर्छ। अहिले नयाँ नियमअनुसार थप २० मिटर थप छोड्नुपर्छ। यसरी दुवै साइट सडक र खोलाको मापदण्ड छोड्नुपर्दा कुल साढे ५२ मिटर छोड्नुपर्छ, जबकि खोला र सडकको बिचको दुरी त्यति पनि छैन।

भूमि अधिकार संरक्षण समितिका उपाध्यक्ष निशुल प्रजापतिले दुवैतिरको मापदण्ड हिसाब गर्दा बस्तीभित्र पक्की रूपमा बनेका ढलानका घर मात्रै विस्थापित नभई दुवैतिरको मापदण्ड नै पुग्दैन। 'खोलाको ४० मिटर र सडकको साढे १२ मिटर गरेर कुल छोड्नुपर्ने साढे ५२ मिटर हुन्छ,' उनले भने, 'जबकि चौडाइ साढे ५२ मिटर नै छैन।

यहाँका बस्ती निकोसेरा सडकको लहरै छ। लहरै ढलानका पक्की घर बनेका छन्। तर पनि यतिबेलासम्म नगरपालिकाले सडकको मापदण्ड छोडेर घर बनाउन नक्सा पास दिइरहेको छ। उता खोलाको पनि मापदण्ड लागु गरेपछि ती घर भत्काउनुपर्ने हुन्छ।

संघर्ष समितिका सदस्य एवं स्थानीय महेश प्रजापतिले पहिला खोलाको मापदण्ड २० मिटर कायम हुँदा नै आफूहरूले विरोध जनाउँदै आएकामा अहिले थप २० मिटर खोलाको मापदण्ड कुनै हालतमा मान्य नहुने बताए। यही कारण आफूहरू आन्दोलित भएको उनले सुनाए। आन्दोलनको क्रममा मध्यपुर थिमि नगरपालिका, वडा कार्यालयमा ज्ञापनपत्र बुझाउने मात्रै नभई सडक संघर्षका कार्यक्रम पनि सञ्चालन गर्दै आएको उनले सुनाए। साथै उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समितिसँग पनि समन्वय गरी उपत्यकाव्यापी आन्दोलनको क्रममा रहेको उनले सुनाए।

स्थानीय पीडित मोहन प्रजापतिले आफूसँगै सात आना दुई पैसा जग्गा भएकोमा अहिले खोलाले २० मिटर लिएपछि आधी जग्गा बाँकी भएको र थप २० मिटर थपिँदा पूरै जग्गा जाने भएको पीडा सुनाए। 'मेरो नाममा जग्गा छ, त्यही स्वरूप अहिले मैले गुठी संस्थानमा वर्षको २३ पाथी चामल बुझाउनुपर्छ,' उनले भने, 'यो सबै जग्गा जाँदा पनि मैले त्यो कर तिरिरहनुपर्छ, अनि कसरी न्याय हुन्छ।'

उनको जग्गा एकल स्वामित्व नभई गुठीको पनि रहेकाले जग्गा नभए पनि कागजमा आफ्नो जग्गा रहने र त्यही कारण गुठीलाई बाली तिरिरहनुपर्ने भएको उनले बताए। स्थानीयले बताएअनुसार यस्तो समस्या त्यहाँ ५१३ रोपनी जग्गाधनीको छ। किनकि त्यहाँ ५१३ रोपनी जग्गा गुठीको नामको छ।

पश्चिम सुर्खेतको समृद्धिमा क्रियाशील छु : खड्का

नगेन्द्र उपाध्याय
सुर्खेत, कात्तिक ३

नेपाली कांग्रेसका उपसभापति एवं पूर्व उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सुर्खेतको पश्चिम क्षेत्रको विकास र समृद्धिका लागि आफू निरन्तर क्रियाशील रहेको बताएका छन्। उनले पश्चिम क्षेत्रको विकास र समृद्धिको मार्गको रूपमा रहेको मदन भण्डारी राजमार्गलाई पूर्णता दिन आफू निरन्तर लागिपरहेको बताएका हुन्।

'यहाँको विकास र समृद्धिका लागि बड्डीचौरदेखि सुदूरपश्चिम प्रदेशको डोटी जिल्ला जोड्ने मदन भण्डारी राजमार्ग समयमै पूरा हुन आवश्यक छ,' पञ्चपुरीमा बाबियाचौर स्पोर्ट्स क्लबले आयोजना गरेको पाँचौं बाबियाचौर च्यालेन्ज कपको उद्घाटन गर्दै पूर्व उपप्रधानमन्त्रीसमेत रहेका खड्काले भने, 'मदन भण्डारी राजमार्गलाई समयमै सम्पन्न गर्नका लागि म निरन्तर लागिरहेको छु।'

मदन भण्डारी राजमार्गअन्तर्गत बड्डीचौर-खम्बागाडे सडकको १३.१ किलोमिटर सडक कर्णाली प्रदेश सरकारले निर्माण गरिरहेको छ। यस्तै खम्बागाडे-विद्यापुर १०.३ किलोमिटर र विद्यापुर-गुटु-बिजौरा-बल्दे २२ किलोमिटर मदन भण्डारी राजमार्ग आयोजनाले निर्माण गरिरहेको छ। यस्तै बल्देदेखि लगामसम्म १५ किलोमिटर ठेक्का भइसकेको छ भने लगाम-धनरास-धामीसैन-पाल्पाघाटसम्मको करिब २५ किलोमिटरमध्ये १८ किलोमिटर सडक खण्डको डिपिआर सम्पन्न भएर स्रोत सुनिश्चितताको क्रममा छ।

पश्चिम खण्डमा निर्माण भइरहेका सडकखण्डको अनुगमनपछि उपसभापति खड्काले सडक निर्माणका क्रममा देखिएका समस्या समाधान गर्दै तोकिएकै समयमा सम्पन्न गर्नेतर्फ आफ्नो ध्यानकेन्द्रित रहेको बताए। 'सडक निर्माण सम्पन्न नहुँदासम्म पटक-पटक यो क्षेत्रमा आएर निरन्तर अनुगमन गर्नेछु, देखिएका नीतिगत र प्राविधिक समस्या समाधानमा लाग्नेछु,' उनले भने, 'मदन भण्डारी राजमार्ग पश्चिम सुर्खेतको विकासको मेरुदण्ड हो, समयमै सम्पन्न गर्न सम्पूर्ण रूपमा लाग्नेछु।'

> 'सरकारले गर्न नहुने, गर्न नसक्ने, सम्बोधन नहुने सम्झौतामा हस्ताक्षर गर्नुहुँदैन, आन्दोलनकर्ताले पनि सम्बोधन नहुने, पूरा नहुने माग उठाएर हस्ताक्षर गरेर साध्य छैन'

खड्काले बड्डीचौर-खम्बागाडे सडकखण्डमा पर्ने रुखहरू कटानको प्रक्रिया अन्तिम चरणमा पुगेको बताए। 'रुख कटानी र सडक कसले बनाउने विषयमा केही समस्या देखियो, अहिले त्यसको पनि समाधान भइसकेको छ,' उनले भने, 'चाँडै यो सडक निर्माणले पनि गति लिनेछ।'

उपसभापति खड्काले पश्चिम सुर्खेतमा प्रदेश प्रहरी तालिम केन्द्र स्थापनाको प्रक्रियामा रहेको बताउँदै मन्त्रिपरिषद्बाट निर्णय नहुँदासम्म यसमा आफूले ठोस प्रतिक्रिया नदिने बताए। उनले आफू सधैं जनताको काम र विकासप्रति उत्तरदायी रहेको बताउँदै आफ्नो नाम जोडेर कसैलाई राजनीति नगर्नसमेत आग्रह गरे। उनले केही समयमै पश्चिम सुर्खेतको केन्द्र बाबियाचौरबाट मालपोत तथा नापी कार्यालय स्थापना गरेर सेवा प्रवाह हुने पनि जानकारी गराए।

'सम्बोधन हुन नसक्ने मागमा सम्झौता नगरौं'

त्यस्तै उनले सम्बोधन हुन नसक्ने मागमा सम्झौता गर्न नहुने बताए। उनले पछिल्लो समय देशमा आन्दोलनकर्ता र सरकारबिच पूरा हुनै नसक्ने मागमा पनि सम्झौता गर्दै हस्ताक्षर हुने गरेको बताउँदै सरकार र आन्दोलनरत पक्षले आफ्नो सीमा, भूमिका, क्षेत्र र मुलुकको अर्थतन्त्रलाई ध्यान दिनुपर्ने बताए।

'सरकारले गर्न नहुने, गर्न नसक्ने, सम्बोधन नहुने सम्झौतामा हस्ताक्षर गर्नुहुँदैन, आन्दोलनकर्ताले पनि सम्बोधन नहुने, पूरा नहुने माग उठाएर हस्ताक्षर गरेर साध्य छैन,' शनिबार वीरेन्द्रनगरमा ट्रेड युनियन कांग्रेस कर्णाली प्रदेश परिषद्को उद्घाटन गर्दै उपसभापति खड्काले भने, 'दुवै थरीले आफ्नो सीमा, भूमिका, क्षेत्र र मुलुकको अर्थतन्त्रलाई हेरेर सम्झौतामा हस्ताक्षर गर्नुपर्छ।' उनले ट्रेड युनियन कांग्रेसले उठाएका माग सम्भव हुने समस्याको समाधान, देशको अर्थतन्त्रले धान्नेसम्म पूरा गर्ने प्रतिबद्धता जनाए। 'तत्कालीन, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाएर तपाईंहरूका माग पूरा हुन्छन्,' उनले भने, 'अहिले नै सबै माग पूरा हुँदैनन्, यसतर्फ मनन गर्नुहोला।'

उपसभापति खड्काले ट्रेड युनियन कांग्रेस पार्टीको ऐतिहासिक, महत्त्वपूर्ण, प्रभावशाली भ्रातृ संस्थाको रूपमा रहिआएको बताए। उनले मजदुरहरूका समस्या र पीडाहरूलाई सम्बोधन गर्ने पवित्र उद्देश्यसहित जन्मिएको संस्था भएकाले ट्रेड युनियन कांग्रेसले सोहीअनुसार आफूलाई अघि बढाउँदै लैजानुपर्ने बताए।

'मजदुरसँग जोडिएका दैनिक पारिश्रमिक, सामाजिक सुरक्षा, श्रमिकलाई शोषणबाट मुक्त गराउने अभियान, अतिरिक्त पारिश्रमिकको कुराका विषयमा ट्रेड युनियन कांग्रेसले अगुवाइ गर्दै आइरहेको छ,' उनले भने, 'यस क्रममा कहिले सरकारसँग वार्ता वा संवाद त कहिले सडक संघर्ष गर्दै आइरहेको छ।' उनले नेपालको राजनीतिक परिवर्तनमा पनि ट्रेड युनियन कांग्रेसले महत्त्वपूर्ण भूमिका खेलेको बताए।

उपसभापति खड्काले ट्रेड युनियनभित्र औपचारिक र अनौपचारिक क्षेत्रबिच केही समस्या रहेको बताउँदै त्यसको समाधानमा लाग्न निर्देशन दिए। 'मूल ट्रेड युनियनले अनौपचारिक क्षेत्रलाई महत्त्व दिएन भन्ने गुनासो सुनिन थालेको छ,' उनले भने, 'त्यसतर्फ ट्रेड युनियनको नेतृत्वले ध्यान दिन आवश्यक छ।'

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०७/०४ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड "घ" को उपखण्ड (६), दफा ६२,२(क) तथा ६५, २(ग) मा भएको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गाउँ सभा तथा गाउँ कार्यपालिकाको मिति २०८१।०६।२९ गतेको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८१/०८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन आह्वान गरिन्छ।

आन्तरिक आय ठेक्का विवरण

आय ठेक्का नं.	ठेक्काको विवरण	आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन मि.)	आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएको ढुंगा, गिट्टी र बालुवा घाटगद्दी न्यूनतम दररेटरु. (प्रति घन मि.)	न्यूनतम कबोल रकम रु.(मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.	धरौटी
BRM/NCB/ IR/03/081/082	वडा नं १ बाधा बगर	१२,८१७।७७७	२४७।२३८८	३१,६९,०५०।०७	५,०००/-	कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलेको दिनबाट १८० दिनम्याद भएको बैंक जमानत।
BRM/NCB/ IR/04/081/082	वडा नं ७ आमथली बगर	२२,३७९।७७७	२४७।२३८८	५५,३३,१४९।२१	५,०००/-	
BRM/NCB/ IR/05/081/082	वडा नं ९ देउपाले बगर	१४,८५२।०५५	२४७।२३८८	३६,७२,००४।२६	५,०००/-	
	वडा नं ९ काफ्लेका गर्तिला र लामपाते बगर	१७,९५०।२५५	२४७।२३८८	४४,३७,९९९।५१		
BRM/NCB/ IR/06/081/082	वडा नं १० डडुवाबगर	३८,४६७।३३३	२४७।२३८८	९५,१०,६१७।२५	५,०००/-	

ठेक्का सम्बन्धी शर्तहरु :-

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वत: रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ। अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन। साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको (मू.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको **नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं.२१५०१०१७५०००२२** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको "**क**" वर्गको बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं. २१५०१०१७५०००४५** मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८१।०८।०४ गते दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ। साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभसाइट www.bhumlumun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभसाइट http://www.bolpatra.gov.np/egp बाट E- Bidding मार्फत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेण्टी वा धरौटी रकम जम्मा गरेको भौचर र आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्रदाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

१२. बोलपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहि छाप गरी Scan गरी Upload गर्नुपर्नेछ। साथै EGP /Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ।

१३. बोलपत्र फारामहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक वुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछन्।

१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन। तोकिएको मितिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ।

१६. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन।

१८. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१९. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन।

आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. ठेक्का सम्झौता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनु पर्नेछ। बाँकी रकमको ६५ प्रतिशत (भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८२ साल असोज मसान्तसम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ।

२. ठेक्का सम्झैता भएको मितिदेखि २०८२ साल जेष्ठ मसान्तसम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन् गर्न पाइनेछ। साथै विकी वितरण असार मसान्त सम्मको लागि कायम रहने छ।

३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

किस्ता	किस्त बुझाउनु पर्ने मिति	रकम रु.	कैफियत
पहिलो	ठेक्का सम्झौताको बखत	कबोल अंङ्कको ३५ प्रतिशतले हुन आउने रकम। (भ्याट सहित)	समय सीमा नाघी किस्ता बुझाउन आएमा वार्षिक १०% को दरले व्याज जोडी दाखिला गर्नुपर्नेछ।
दोश्रो	२०८१ साल माघ मसान्तभित्र	कबोल अंङ्कको ३५ प्रतिशतले हुन आउने रकम। (भ्याट सहित)	
तेश्रो	२०८२ जेठ मसान्त सम्म	कबोल अंङ्कको बाँकी ३० प्रतिशत रकम । (भ्याट सहित)	

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

५. ठेकेदारले उठाउने ढुङ्गा, गिट्टी र बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरुद्ध भएमा ठेकेदार स्वयमले बाटो मर्मत गरी संचालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ।

१२. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१४. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र IEE प्रतिवेदनमा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।